# धनपालथान गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सोराभाग, मोरङ
१ नं. प्रदेश, नेपाल

## कर्मचारी पदपूर्ति सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मिति २०७७/०४/२६

प्रस्तुत विषयमा यस धनपालथान गाउँकार्यपालिकाको कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राविधिक सहायक र कार्यालय सहयोगी पद करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दिने अन्तिम मिति | दरखास्त दिने स्थान |
|---|---|---|---|---|---|---|
| १. | १/०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौं तह सरह | १ | २०७७/०५/०८ | धनपालथान गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग मोरङ |
| २. | २/०७७/७८ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | | |

**विज्ञापन नं. १/०७७/७८ को लागिः-**

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **आवेदनको दस्तुर:** रु.५००
३. **छनौटको किसिमः** प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा अन्तवार्ता
४. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरुः नेपाली नागरिकताको प्रमाण पत्रको प्रतीलिपी, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र, अनुभव खुल्ने कागजात र २ प्रति पासपोर्ट आकारको फोटो ।
५. **सेवा सुविधाः** गाउँपालिका प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
६. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः** गाउँपालिकाको प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**विज्ञापन नं. २/०७७/७८ को लागिः-**

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

(क) एस.एल.सी. तह उतीर्ण भएको
(ख) अनुभवः पदसँग सम्बन्धित कार्य अनुभव भए सोको कागजातहरु आवेदन साथ संलग्न राखि पेश गर्नुपर्नेछ ।
(ग) उमेरः कम्तीमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

२. **आवेदनको दस्तुर:** रु.३००
३. **छनौटको किसिमः** प्रारम्भिक योग्ताक्रमको सूची र अर्न्तवार्ता ।
४. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरुः नेपाली नागरिकताको प्रमाण पत्रको प्रतीलिपी, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र र २ प्रति पासपोर्ट आकारको फोटो
५. **सेवा सुविधाः** गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**नोटः** प्राविधिक सहायक पदको कार्य विवरण, आवेदनको ढाँचा र पाठयक्रम लगायत अन्य जानकारी **www.pmep.gov.np** मा उपलब्ध छ ।